सधै र सबैको लागि खबर खोज्ने अभियान
# खबर दर्पण
Khabar Darpan National Daily
राष्ट्रिय दैनिक

♦ वर्ष ९ ♦ अंक १५४ ♦ २०८२ साल माघ २४ शनिवार ♦ 7 Feb 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

## उज्यालो पार्टीका लागि मधेस प्रदेश महत्वपूर्ण छ : अध्यक्ष घिसिङ



**खबर दर्पण समाचारदाता**
**माघ २३ गते, बर्दिवास**

उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले आफ्नो पार्टीका लागि मधेस प्रदेश महत्वपूर्ण रहेको बताएका छन् ।

उज्यालो नेपाल पार्टीले आज महोत्तरी सदरमुकाम जलेश्वर नगरपालिका-२ स्थित महेन्द्र चोकमा आयोजना गरेको चुनावी सभालाई सम्बोधन गर्दै उनले मधेश प्रदेशलाई उज्यालोमय बनाउन आफ्नो पार्टीका उम्मेदवारलाई जिताउन आग्रह गरे ।

अध्यक्ष घिसिङले देशको सबैभन्दा ठूलो समस्या भ्रष्टाचार रहेको र आफ्नो पार्टीको मुख्य एजेन्डा नै मधेस तथा समग्र देशबाट भ्रष्टाचार अन्त्य गर्नु रहेको उल्लेख गरे ।

उनले मधेसमा सामाजिक, वर्गीय जस्ता अनेकौं विभेद कायम रहेकाले प्रदेश पछाडि परेको हुँदा ती विभेदलाई अन्त्य गर्न आफ्नो पार्टी प्रतिबद्ध रहेको बताए ।

घिसिङले राजनीति विकास र समृद्धिका लागि हुनुपर्ने बताउँदै उनले राजनीतिलाई अब भाषणमा मात्र सीमित राख्न नमिल्ने बताए ।

उनले भने , "देशको आर्थिक, शैक्षिक तथा हरेक क्षेत्रमा परिवर्तनका लागि जनता र राष्ट्रको हितमा काम गर्ने नेतालाई निर्वाचित गर्न आवश्यक छ।"

राजनीति गर्ने ठुला नेताले भाषण र घोषणापत्र सार्वजनिक गर्ने तर काम नगर्ने प्रवृत्ति हावी हुँदै गएकाले भाषणभन्दा कामलाई प्राथमिकता दिने नेता छानिनुपर्नेमा उनले जोड दिए ।

## निर्वाचन आचारसंहिता कडाइका साथ लागू गरिने



**खबर दर्पण समाचारदाता**
**माघ २३ गते, बर्दिवास**

धनुषा जिल्लामा आगामी निर्वाचनलाई स्वच्छ, निष्पक्ष र मर्यादित बनाउन निर्वाचन आचारसंहिता कडाइका साथ लागू गर्ने निर्णय गरिएको छ ।

जिल्ला निर्वाचन कार्यालयले आचारसंहिता उल्लङ्घन गर्ने उम्मेदवार तथा राजनीतिक दलमाथि आवश्यक कारबाही गरिने जनाएको छ ।

कार्यालयका अनुसार आचार संहिता उल्लङ्घन गरेमा पहिलो चरणमा सचेत गराइने, प्रचार सामग्री जफत गरिने, स्पष्टीकरण सोधिने तथा गम्भीर अवस्थामा एक लाख रुपैयाँसम्म जरिवाना वा उम्मेदवारी खारेज समेत गर्न सकिने व्यवस्था छ ।

निर्वाचन आचारसंहिता अनुगमनका लागि सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण गैरे र कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रमुख बुद्धराम मल्ललाई अधिकृत तोकिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

आयोजित छलफल कार्यक्रममा मुख्य निर्वाचन अधिकृत सुभाषबाबु पुरीले आचारसंहिता राजनीतिक दलहरूको सहमतिमा बनेको उल्लेख गर्दै यसको उल्लङ्घनले उम्मेदवार मात्र नभई सम्बन्धित दलको प्रतिष्ठामा समेत नकारात्मक असर पार्ने बताए ।

प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले उम्मेदवार, सरकारी कर्मचारी, राजनीतिक दल र आम नागरिक सबैले आचार संहिता पालना गर्नुपर्ने दायित्व रहेको बताउँदै जिल्लामा माघ २१ गतेदेखि नेपाली सेना परिचालन भइसकेको जानकारी दिए ।

छलफल कार्यक्रममा विभिन्न राजनीतिक दलका प्रतिनिधि, उम्मेदवार, सरकारी कार्यालयका प्रमुख तथा सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा सहभागीहरूले निर्वाचनलाई शान्तिपूर्ण र मर्यादित बनाउन सबै पक्ष जिम्मेवार बन्नुपर्नेमा जोड दिएका थिए ।

## धनुषामा एक युवती मृत फेला


**खबर दर्पण समाचारदाता**
**फागुन २९ गते, जनकपुरधाम**

धनुषाको औरही गाउँपालिकास्थित देउरी परवाहाबाट पौडेश्वर जाने बाटोमा एक युवती मृत फेला परेकी छन्।

शुक्रबार सडकछेउमा युवतीको शव देखेपछि स्थानीय बासिन्दाले प्रहरीलाई खबर गरेका थिए। लगत्तै घटनास्थल पुगेको प्रहरी टोली शव नियन्त्रणमा लिएर प्रारम्भिक अनुसन्धान सुरु गरेको जनाइएको छ।

मृतकको सनाखत हुन सकेको जिल्ला प्रहरी कार्यालय, धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक (डीएसपी) गणेशबहादुर बमले बताए। 'शवको सनाखत गर्न अहिलेसम्म कोही पनि आएको छैन,' उनले भने, 'घटनाको प्रकृति हेर्दा टाउकोमा चोट लागेको अवस्थाले कुटपिट गरी हत्या गरिएको देखिन्छ।'

अन्दाजी २५ वर्षीया युवती बारे थप जानकारी प्राप्त नभएको उनले बताए। प्रहरीले मृतकको पहिचानका लागि सहयोग गर्न आग्रह गरेको छ।



# चुनावको कारण मिथिला मध्यमा परिक्रमा यात्री चिन्तित



खबर दर्पण समाचारदाता
माघ २३ गते, महेन्द्रनगर

त्रेता युगमा राजा जनकको राज्य मिथिला र राजधानी जनकपुरधामलाई मध्यनजर गरी प्रत्येक वर्ष भक्तिभाव, आस्था र धार्मिक विश्वासका साथ मिथिला माध्यमिकी परिक्रमा गर्ने पौराणिक चलन रहेको छ। जस अन्तर्गत नेपाल–भारतका लाखौं साधु सन्त गृहस्थ आश्रमका नरनारीसहित श्रद्धालु भक्तजनहरु सहभागी हुने गर्छन् । तर यस पटक भने आसन्न निर्वाचनको मुखमै परिक्रमाका कारण अहिले परिक्रमावासीसहित साधु सन्तसमेत चिन्तित छन् ।

विश्वभरका हिन्दूहरुको अस्थाको केन्द्रको रुपमा रहेको मिथिलाको मध्य भागको वार्षिक आवधिक यात्राको तिथि नजिकिएसँगै निर्वाचनका कारण यस वर्ष हुने माध्यमिकी परिक्रमा कसरी हुने होला भनेर साधु सन्तहरु चिन्तित देखिएका छन् ।

नेपाल– भारतमा मिथिला माध्यमिकी धार्मिक पद यात्रालाई महाकुम्भ परिक्रमाको रुप्मा समेत भनिने गरिन्छ । धनुषाको कचुरी मठबाट मिथिला बिहारी र जनकपुरधामको सुन्दर सदनबाट किशोरीजीको डोलाको नेतृत्वमा विधिवत रुपमा आगामी फागुन ५ गते निस्कने १५ दिने परिक्रमा प्राचीन मिथिलाको मध्य भागको यात्रा गरिने चलन छ ।

मिथिला माध्यमिकी परिक्रमा अन्तर्गत ४० कोस अर्थात १ सय २८ किलोमिटर गोलाकार मार्गको दुरी हो । १८ औं शताब्दीमा रचिएको मिथिला महात्म्य महाकाव्यमा वर्णन गरिए अनुसार उक्त परिक्रमा धार्मिक ग्रन्थका धैरे जसो पक्षसंग सम्बन्ध राख्ने स्थानको परिक्रमा गरिने धार्मिक परम्परा छ ।

फागुनको औँसी देखि पूर्णिमासम्म चल्ने परिक्रमामा साधुसन्तलगायत भक्तजन परम्परागत बाजागाजा, झाँकी र कीर्तनसहितका मौलिक पहिरनमा पैदल यात्रा गर्ने धार्मिक परम्परा छ । तर मिथिला माध्यमिकी परिक्रमा पदयात्रासँगै आगामी फागुन २१ गतेको निर्वाचनको मिति जुधेकाले साधु सन्त र गृहस्थ समाजलाई चिन्ता बढाएको छ ।

लामो समय चल्ने धार्मिक पदयात्रासहितको परिक्रमामा १५ विश्राम स्थल मध्ये ११ नेपालमा र चार स्थान भारतमा रहेका छन् । भारतको कल्याणेश्वरबाट फागुन १९ गते बाजा गाजा रगाडी सहितको लावा लस्करमा हजारौं साधुसन्त र श्रद्धालुहरु जनकपुरधाम पुन: फर्किने र २० गते जनकपुरधामकै पञ्चकोशी अन्त: गृह परिक्रमा पछि मिथिला माध्यमिकी धार्मिक पैदल यात्रा समापन हुनेछ ।

तर फागुन २१ गतेको निर्वाचनमा दुई दिन अघि देखि सीमानाका बन्द र मौन अवधि रहने भएकाले पदयात्राका श्रद्धालुहरुको सहभागी कसरी जनकपुरधाम आउने र लगत्तै होली पर्व मनाउन कसरी फर्किने भन्ने बारे अहिले सर्वत्र चिन्ता र चासोको विषय बनेको छ ।

प्राचीन मिथिलाको राजधानी जनकपुरधामलाई लक्षित गरी चारैकुनामा राजा जनकले स्थापना गरेका चार शिवालय कल्याणेश्वरनाथ, जलेश्वरनाथ, क्षीरेश्वरनाथ र सप्तेश्वर नाथलाई आधार मानेर मिथिला माध्यमिकी परिक्रमा गर्ने धार्मिक परम्परा छ ।

यस परिक्रमामा सहभागी भएमा राजा जनकले पुन: गृहस्थाश्रममै रहेर सम्पूर्ण राजकाज चलाएरै मोक्ष प्राप्त गर्न सफल हुने धार्मिक विश्वास रहिआएको छ ।

# नागरिक स्थान र जवाफदेहिता सुदृढ बनाउन माग

खबर दर्पण समाचारदाता
माघ २३ गते, महेन्द्रनगर



मधेश प्रदेशका नागरिक समाजका प्रतिनिधिहरूले समुदायको सशक्तीकरणका लागि नागरिक स्थानको सुदृढीकरण, सरकारी जवाफदेहिता र समावेशी नीतिको आवश्यकतामा जोड दिएका छन्।

जनकपुरमा शुक्रबार आयोजित ‘स्थानीय स्तरमा नागरिक संवादको पुनर्जागरण’ विषयक बहुसरोकारवाला संवाद कार्यक्रममा सहभागीहरूले सिमान्तकृत समुदायको आवाजलाई निर्णय प्रक्रियाको मूलधारमा ल्याउन स्थानीय स्तरका नागरिक समाजका संस्थाहरूलाई बलियो बनाउनुपर्ने बताएका हुन्।

कार्यक्रममा सहभागी नागरिक समाज तथा सामुदायिक संस्थाका प्रतिनिधिहरूले कमजोर सरकारी जवाफदेहिता र नागरिक समाजको भूमिकालाई खुम्च्याइएको प्रति चिन्ता व्यक्त गरे।

उनीहरूले पारदर्शी रूपमा काम गर्दै विशेष गरी शिक्षा, स्वास्थ्य र सार्वजनिक चासोका क्षेत्रमा समावेशी नीतिका लागि वकालत जारी राख्नुपर्नेमा जोड दिए।

नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन गुप्ताले भन्नुभयो, “पत्रकारहरू अग्रपङ्क्तिमा रहे पनि नागरिक स्थानलाई एक्लै अगाडि बढाउन सकिँदैन। सरकारी संस्थाहरू जनताप्रति जवाफदेही नहुँदा नागरिक समाजको प्रगति रोकिएको छ।”

कानुनकी विद्यार्थी नितु कुमारी यादवले लैंगिक हिंसाका घटनाहरूमा नागरिक समाजले आवाज उठाए पनि प्रहरी र स्थानीय सरकारले आफ्नो जिम्मेवारी पुरा नगर्दा समुदायले दुःख पाइरहेको उल्लेख गर्नुभयो। उहाँले स्थानीय स्तरमा शिक्षा र स्वास्थ्य प्रणालीलाई सुदृढ बनाउनु नागरिक समाजको प्राथमिकता हुनुपर्ने बताउनुभयो।

त्यस्तै, समग्र विकास सेवा केन्द्रका सामाजिक अभियन्ता वीरेन्द्र रविदासले मधेशको न्यून साक्षरता दरप्रति चिन्ता व्यक्त गर्दै भन्नुभयो, “विद्यालय व्यवस्थापन समितिहरू राजनीतिक स्वार्थको थलो बनेका छन्। जबसम्म सामुदायिक विद्यालयको गुणस्तर सुधार हुँदैन, साक्षरता दरमा अपेक्षित वृद्धि सम्भव छैन।”

कार्यक्रममा अधिकारकर्मी प्रदीप कुमार यादवले मधेशका प्रमुख प्रादेशिक संवादहरूमा अझै पनि यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायका आवाजहरू ओझेलमा परेको बताउनुभयो। सजिलो पोस्टका गिरिजानन्द साहले नागरिक समाजका संस्थाहरूलाई तटस्थ रहन र बढ्दो भ्रामक सूचनाविरुद्ध सचेत रहन आग्रह गर्नुभयो। सन् २०२६ को संघीय निर्वाचन नजिकिँदै गर्दा सञ्चार माध्यमले डिजिटल साक्षरता प्रवर्द्धन गर्नुपर्नेमा उहाँको जोड थियो।

नेपाल पत्रकार महासंघ मधेश प्रदेशकी उपाध्यक्ष ज्योति झाले नागरिक समाजभित्रैको राजनीतिकरण र स्वार्थको द्वन्द्वले वकालत गर्ने क्षमता कमजोर बनाएको स्वीकार गर्नुभयो।

उहाँले भन्नुभयो, “यदि हामीले आफ्नै संस्थाहरूभित्र पारदर्शिता र जवाफदेहिता कायम गर्न सकेनौं भने अरूका लागि बोल्ने नैतिक धरातल गुमाउन सक्छौं।”

सामुदायिक रेडियो प्रसारक संघ (एकोरब) नेपालकी मधेश प्रदेश अध्यक्ष उपासना तिवारीले ३८० भन्दा बढी सामुदायिक रेडियोको नेटवर्कमार्फत नागरिक समाजको आवाज बुलन्द गर्ने प्रतिबद्धता जनाउनुभयो।

एकोरब र एआईएन नेपालको संयुक्त आयोजनामा भएको उक्त कार्यक्रममा ४५ भन्दा बढी पत्रकार, शिक्षक, युवा अभियन्ता, महिला समूह र विभिन्न सीमान्तकृत समुदायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो। कार्यक्रमले तटस्थ नेतृत्व, युवा सहभागिता, र डिजिटल साक्षरता अभिवृद्धि गर्नुपर्ने निष्कर्ष निकालेको छ।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# औरही -२ स्थित वडा .....



समस्या गम्भीर भएको स्वीकार गरे। उनले भने, “वडा कार्यालय नागरिकको प्रत्यक्ष सेवा केन्द्र हो। त्यहाँ शौचालय र स्वच्छ खानेपानी नहुनु स्वीकार्य विषय होइन। वडा नम्बर २ मा देखिएको समस्या समाधानका लागि तत्काल प्राविधिक टोली पठाएर स्थलगत अध्ययन गरिन्छ र आवश्यक बजेटको व्यवस्था गरी शौचालय तथा खानेपानीको स्थायी समाधान गरिनेछ।”नगर प्रमुख खड्काले खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यविधि २०७४ ले तोकेका मापदण्ड पालना गर्न नगरपालिकाले कडाइ गर्ने प्रतिबद्धता जनाउँदै “कार्यविधि कार्यान्वयनमा कमजोरी देखिए सम्बन्धित वडा र जिम्मेवार पदाधिकारीलाई जवाफदेही बनाइनेछ,” भने।

खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यविधि २०७४ अनुसार प्रत्येक वडा कार्यालयमा स्वच्छ खानेपानीको स्थायी व्यवस्था, पुरुष, महिला तथा अपाङ्गता भएका व्यक्तिमैत्री शौचालय, महिनावारी स्वच्छता व्यवस्थापन सुविधा, नियमित सरसफाइ तथा फोहर व्यवस्थापन, स्वच्छ र हरियाली वातावरण, स्वच्छता शिक्षा, विपद् जोखिम व्यवस्थापन, अनुगमन तथा जवाफदेहीता अनिवार्य गरिएको छ। कार्यविधि अनुसार यी मापदण्ड कार्यान्वयन गर्ने प्रत्यक्ष जिम्मेवारी वडा अध्यक्षमा रहने स्पष्ट व्यवस्था छ।

तर औरही नगरपालिका-२ स्थित वडा कार्यालयमा यी अनिवार्य मापदण्डहरू लामो समयदेखि कार्यान्वयन नभएको गुनासो सेवाग्राही तथा कर्मचारीहरूले गर्दै आएका छन्। स्थानीयवासीहरूले नगर प्रमुखको प्रतिबद्धता कार्यान्वयनमा परिणत हुने अपेक्षा गर्दै समस्या समाधानको माग गरेका छन्।

कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै राख्नुहोस्।
फोहोर जथाभावी नफाल्नुहोस्, तोकिएको स्थान र समयमा मात्र फोहोरमैला फाल्नुहोस्।
प्लास्टिकजन्य फोहोर कम गर्नुहोस् र फोहोरबाट कम्पोस्ट मल बनाउनुहोस्।
पानी उमालेर वा फिल्टर गरेर मात्र पिउनुहोस्।
आफ्नो घर र आँगन सफा राख्नुहोस्।
लामखुट्टेको टोकाइबाट बच्न घर वरिपरि पानी जम्न नदिनुहोस्।
एलपी ग्यासको रेगुलेटर, पाइप र सिलिन्डरको नियमति जाँच गर्नुहोस्।
आगलागीका घटनाहरू रोक्न सतर्क रहनुहोस्, विशेष गरी सुख्खा मौसममा।
हाम्रो सहर, राम्रो सहरः सफा र सुरक्षित राख्ने जिम्मा हाम्रो !
गौशाला नगरपालिका,
महोत्तरी

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

## कम्पनी दर्ता खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति २०७४।०८।०१ मा दर्ता भएको प्रा.लि.नं.१७८४६३ भएको आले ब्रदर्श कन्स्ट्रक्शन कम्पनी (प्रा.ली.) नामको कम्पनी यस कार्यालयको मिति २०८२।०९।०६ निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६(१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धीत सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपाईको शहर वर्दिवासमा
WebSurfer
Fiber Internet &Iptv
अरु भन्दा फरक
सबै भन्दा विस्वास्निय
सम्पर्क गर्नुहोस् ।
044550565, 9801042026

# महोत्तरीको प्रकौलीमा १२० करोड लगानीमा पाँचतारे होटल निर्माण हुँदै

**खबर दर्पण समाचारदाता**
**माघ २३ गते, बर्दिवास**

महोत्तरीको जलेश्वर नगरपालिकास्थित प्रकौलीमा १२० करोडको लगानीमा अत्याधुनिक पाँचतारे होटल तथा क्यासिनो निर्माण हुने भएको छ ।

‘साङ्गिला प्रिमियर रिसोर्ट एण्ड क्यासिनो’ नाम दिइएको उक्त परियोजना सत्या समूहको लगानीमा सञ्चालन हुन लागेको हो ।

मधेश प्रदेशको पर्यटन प्रवर्द्धन तथा आर्थिक विकासलाई टेवा पुर्‍याउने उद्देश्यसहित निर्माण हुन लागेको यस होटलमा अन्तरराष्ट्रिय मापदण्डका ७५ वटा लक्जरी कोठा रहनेछन् ।

साथै, विदेशी पर्यटकलाई लक्षित अन्तरराष्ट्रियस्तरको क्यासिनो, विवाह तथा कर्पोरेट कार्यक्रमका लागि आधुनिक ब्याङ्क्वेट हल र प्रिमियम क्लबसमेत निर्माण गरिने जनाइएको छ ।

होटल निर्माण सम्पन्न भएपछि स्थानीयस्तरमा २०० भन्दा बढी युवाले प्रत्यक्ष रोजगारी पाउने सत्या समूहकी प्रबन्ध निर्देशक धर्मा मण्डलले जानकारी दिए । उनका अनुसार झण्डै २२ कट्ठा क्षेत्रफलमा निर्माण हुने होटल परियोजनामा ७० प्रतिशत लगानी बैंक कर्जाबाट र बाँकी ३० प्रतिशत समूहको स्वपुँजीबाट व्यवस्थापन गरिनेछ ।

हाल होटल निर्माणका लागि आवश्यक जमिन खरिद तथा नाप-नक्सा प्रक्रिया पूरा भइसकेको र चाँडै निर्माण कार्य सुरु हुने तयारी गरिएको मण्डलले बताए ।

आज जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमार्फत परियोजनाबारे जानकारी दिँदै उनले जनकपुर, जलेश्वर तथा आसपासका क्षेत्रलाई पर्यटन, बसोबास र मनोरञ्जनको प्रमुख केन्द्रका रूपमा विकास गर्ने दीर्घकालीन योजनाअनुसार होटल निर्माण अघि बढाइएको स्पष्ट पारे ।

यस परियोजना सञ्चालनमा आएपछि स्थानीय व्यापार, सेवा क्षेत्र तथा पर्यटन गतिविधिमा उल्लेखनीय वृद्धि हुने विश्वास गरिएको छ ।

व्यवसायी तथा स्थानीय बासिन्दाले पनि होटल निर्माणले क्षेत्रीय आर्थिक गतिविधि विस्तारमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरेका छन् ।

नगरबासिहरुमा हार्दिक अनुरोध
- कुहिने र नकुहिने फोहोर छुट्टाछुट्टै राख्नुहोस् ।
- फोहोर जथाभावी नफाल्नुहोस्, तोकिएको स्थान र समयमा मात्र फोहोरमैला फाल्नुहोस् ।
- प्लास्टिकजन्य फोहोर कम गर्नुहोस् र फोहोरबाट कम्पोस्ट मल बनाउनुहोस् ।
- पानी उमालेर वा फिल्टर गरेर मात्र पिउनुहोस् ।
- आफ्नो घर र आँगन सफा राख्नुहोस् ।
- लामखुट्टेको टोकाइबाट बच्न घर वरिपरि पानी जम्न नदिनुहोस् ।
- एलपी ग्यासको रेगुलेटर, पाइप र सिलिन्डरको नियमति जाँच गर्नुहोस् ।
- आगलागीका घटनाहरू रोक्न सतर्क रहनुहोस्, विशेष गरी सुख्खा मौसममा ।
- हाम्रो सहर, राम्रो सहरः सफा र सुरक्षित राख्ने जिम्मा हाम्रो !



मनोज कुमार साह
नगर प्रमुख
जनकपुरधाम उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम धनुषा, मधेश प्रदेश

पहुँच सहभागिता विश्वास
चुनावी अभियानका लागि
Digital Partner.
उम्मेदवारीका एजेन्डालाई सार्वजनिक र सरल रुपमा जनतासम्म पुर्याउन अनलाइन
प्रचार-प्रसार
गर्न आजै सम्पर्क गर्नुहोस, हामी आकर्षक प्याकेज उपलब्ध गराउनेछौ ।
रुपान्तरण मिडिया प्रा. लि.
रेडियो रुपान्तरण १०६.३ मेगाहर्ज
रुपान्तरण अनलाईन
www.rupantaranonline.com
Radio Rupantaran
परिवर्तनकालागि
रुपान्तरण अनलाइन
सम्पर्क : ९७०८२०५५२२, ९८०४८५२६९६, ९८४४०३९८५६, ९८४४०२५१८४

खबर दर्पण
राष्ट्रिय दैनिक



ज.प्र.का.म.द.नं.४८/०७३/०७४

# बर्दिबासका आर्सोन: सानो उमेर, ठूलो सोच

जीवनराज दाहाल
**माघ २३ गते, बर्दिबास**

सानो उमेर, तर ठूलो सोच । बर्दिबास नगरका १२ वर्षीय विद्यार्थी आर्सोन भट्टराईले निर्माण गरेको 'सारस' नामक रोबोटले स्थानीय समुदायमा कौतुहलता मात्र होइन, सम्भावनाको नयाँ आशा पनि जगाएको छ । बर्दिबासस्थित ग्लोबल एकेडेमीमा कक्षा ८ मा अध्ययनरत आर्सोनले करिब १५ दिनको निरन्तर मेहनत र झन्डै ५ हजार रुपैयाँको लागतमा उक्त रोबोट तयार गरेका हुन् । विद्यालय तहकै विद्यार्थी भएर पनि प्रविधिप्रति देखाएको लगाव र प्रयोगशील सोचले आर्सोनलाई फरक पहिचान दिलाउन थालेको छ । रोबोट निर्माणको क्रममा विद्यालयका शिक्षकहरूको सक्रिय सहयोग र मार्गदर्शन पाएको उनी बताउँछन् । "शिक्षकहरूको हौसला र सुझावले मलाई अझै नयाँ कुरा सिक्न प्रेरित गर्‍यो," आर्सोनको भनाइ छ ।



'सारस रोबोट' निर्माणमा उनका साथीहरू आकाश खड्का र राजित्य चौधरीले पनि सहकार्य गरेका थिए । Arduino UNO R3, L298N मोटर ड्राइभर, ब्याट्री इन्डिकेटर, ब्लुटुथ मोड्युल, मोटर, एम्प्लिफायर र स्पिकर जडान गरिएको यो रोबोट हाल ब्लुटुथमार्फत नियन्त्रण गर्न सकिने छ । यसले अघि-पछि हिँड्न सक्ने र सोधिएका सामान्य प्रश्नहरूको उत्तर दिन सक्ने क्षमता राख्छ ।

आर्सोनको सिर्जनशील यात्रा भने आजको रोबोटबाट मात्र सुरु भएको होइन । कक्षा ४-५ मा अध्ययन गर्दादेखि नै उनी साना-साना प्रयोगात्मक सामग्रीहरू निर्माणमा सक्रिय रहँदै आएका छन् । यसअघि उनले सोलिड र केट जेट, जेट इन्जिन, पानीबाट चल्ने गाडी तथा बादर धपाउने गनजस्ता नमुना उपकरणहरू तयार गरिसकेका छन् । भविष्यप्रति उनको दृष्टि झन् फराकिलो छ । 'सारस रोबोट'लाई पूर्ण रूपमा स्वचालित बनाउने लक्ष्यका साथै नेपालमै सेटेलाइट निर्माण गर्ने र अन्तरिक्षमा रकेट प्रक्षेपण गर्ने सपना पनि उनले मनमा सजाएका छन् ।

'सारस रोबोट' निर्माणको मुख्य उद्देश्य शिक्षामा सहयोग पुर्‍याउनु रहेको आर्सोन बताउँछन् । सानो उमेरमै विज्ञान र प्रविधिप्रति देखाएको गहिरो रुचि, निरन्तर अभ्यास र कल्पनाशील सोचले आर्सोन भट्टराईलाई भविष्यको सम्भावनाशील वैज्ञानिक तथा आविष्कारकका रूपमा चिनाउन थालेको छ ।

# औरही -२ स्थित वडा कार्यालयमा खानेपानी र शौचालयको अभाव

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'
**माघ २३ गते, महोत्तरी**

सरकारले वडा कार्यालयमा स्वच्छ खानेपानी, शौचालय तथा सरसफाइको व्यवस्था अनिवार्य गरे पनि महोत्तरी जिल्लाको औरही नगरपालिका-२ स्थित वडा कार्यालयमा ती आधारभूत पूर्वाधारको चरम अभाव देखिएको छ।




शौचालय र खानेपानी नहुँदा वडा कार्यालयमा कार्यरत कर्मचारी तथा सेवा लिन आउने सेवाग्राहीहरु दैनिक रूपमा समस्यामा परिरहेका छन्।वडा कार्यालयमा शौचालयको सुविधा नहुँदा कर्मचारीहरू नगर पालिकाको कार्यालय पुग्न बाध्य छन् भने सेवाग्राहीहरू झाडी, खेतबारीतर्फ जानुपर्ने वा नजिकका स्थानीयको घरको शौचालय प्रयोग गर्नुपर्ने अवस्था रहेको छ। स्थानीयका अनुसार यसले विशेषगरी महिला सेवाग्राहीहरूलाई अत्यधिक कठिनाइ भएको छ।

औरही नगरपालिका वडा नम्बर २ को वडा कार्यालयमा करिब दुई दशकअघि निर्माण गरिएको शौचालय हाल जीर्ण भई पूर्ण रूपमा प्रयोग गर्न नमिल्ने अवस्थामा पुगेको छ। सो शौचालय भत्किएपछि लामो समयदेखि नयाँ शौचालय निर्माण नहुँदा समस्या झन् गम्भीर बनेको वडा कार्यालयमा कार्यरत एक कर्मचारीले बताए।वडा कार्यालयमा सेवा लिन आएका स्थानीय रामजीवन यादवले वडा अध्यक्षले विभिन्न शीर्षकमा बजेट खर्च गरे पनि आफ्नै वडा कार्यालयभित्र न्यूनतम पूर्वाधारको व्यवस्था गर्न नसकेकोप्रति असन्तोष व्यक्त गरे। "जनताले प्रत्यक्ष सेवा लिने ठाउँमै शौचालय र खानेपानी नहुनु दुःखद अवस्था हो," उनले भने।

शौचालयसँगै वडा कार्यालयमा खानेपानीको समस्या पनि उत्तिकै गम्भीर रहेको छ। कार्यालय परिसरमा चापाकल भए पनि लामो समयदेखि पानी नआउने गरेको कर्मचारी तथा सेवाग्राहीहरूको भनाइ छ। कर्मचारीहरूका अनुसार उनीहरूले नजिकै रहेको रामजानकी कुटीको धाराबाट पानी मगाएर खाने गरेका छन्। वडा अध्यक्षलाई पटक-पटक जानकारी गराउँदा पनि कुनै ठोस पहल नभएको उनीहरूको गुनासो छ।

यस विषयमा प्रतिक्रिया दिँदै औरही नगरपालिकाका नगर प्रमुख प्रदीप कुमार खड्काले वडा कार्यालय देखिएको खानेपानी र शौचालयको

बाँकी पृष्ठ ३ मा




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,